लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९/०३/१७

प्रथम पत्र

पूर्णाङ्क : १००

समय : ३ घण्टा

विषय : बैंकिङ्ग, लेखा, गणित र कम्प्युटर

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

४० अङ्क

## खण्ड "क"

१. बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०७३ अनुसार वाणिज्य बैंकहरुले गर्न नहुने कार्यहरुको सूची तयार गर्नुहोस् । (As per the Bank and Financial Institutions Act, 2073, Prepare a list of the functions that should not be performed by commercial banks.)

२. मुद्रा बजार र पुँजी बजारबीच रहेका समानता तथा असमानताहरुबारे वर्णन गर्नुहोस् । (Discuss the similarities and idssimilarities between Money Market and Capital Market.)

३. वित्तीय समावेशीकरण भनेको के हो ? यसलाई थप प्रभावकारी बनाउन के गर्न सकिन्छ ? सुझाव दिनुहोस् । (What is financial inclusion ? What can be done to make it more dffective ? Give suggestions.)

४. प्रतितपत्र र बैंक जमानबीच फरक छुट्याउनुहोस् । अन्तर्राष्ट्रिय व्यापारमा प्रतितपत्र किन बढी प्रयोग गरिन्छ ? वर्णन गर्नुहोस् । (Different between Letter of Credit and Bank Gauarantee. Why is Letter of Credit mostly used in international trade ? Explain.)

३० अङ्क

## खण्ड "ख"

५. तरलता अनुपात भन्नाले के बुझ्नुहुन्छ ? कुनै ३ अनुपातको उदाहरणसहित व्याख्या गर्नुहोस् । (What do you mean by Liquidity Ratio ? Explain any three rations with examples.)

६. नेपाल वित्तिय प्रतिवेदनको परिचय दिनुहोस् । यसको पालना गर्दा हुने फाइदा उल्लेख गर्नुहोस् । (Introduce the Nepal financial Reporting Standard (NFRS.) Point out the advantages of its compliance.)

७. लसकुश स्टोरको आर्थिक वर्ष २०७७/७८ को कारोबारसँग सम्बन्धित मुख्य खाताको २०७८ असाढ मसान्तको मौज्दातको आधारमा देखिएको सन्तुलन परीक्षण निम्न लिखित छ । उक्त सन्तुलन परीक्षणबमोजिम खुद नाफा पत्ता लगाई वासलात तयार गर्नुहोस् । (Following is the Trail Balance of Lasakusha store, based on the closing balances of the main ledger as at 31st Ashadh 2078 of fiscal year 2077/78. You are required to find out the net profit and prepare the balance sheet on the basis of this Trail balance)

रकम रु. हजारमा (Amount in Rs. thousands)

| विवरण (Description) | डेबिट (Debit) | विवरण (Description) | क्रेडिट (Credit) |
|---|---|---|---|
| नगद तथा बैंक (Cash and Bank) | 20,000 | साहु (Sundry Creditors) | 40,000 |
| फर्निचर तथा फिक्स्चर (Furniture and Fixture) | 10,000 | खरिद फिर्ता (Purchase return) | 1,000 |
| तल भत्ता (Salary% Allowance) | 3,000 | बिक्रि (Sales) | 27,600 |
| खरिद (Purchase) | 30,000 | पुँजी (Capital) | 8,000 |
| आसामी (Sundry Debtors) | 2,500 | | |
| बिक्रि फिर्ता (Sales Return) | 1,000 | | |
| मौज्दात (Stock) | 1000 | | |
| जम्मा (Total) | 39,700 | जम्मा (Total) | 39,700 |

२०७८ असाढ ३१ को मौज्दात रु ७००० हजारको रहेको छ । (Closing Stock as at 31st Ahadh 2078 are of Rs. 7,000 thousands.)

३० अङ्क

## खण्ड "ग"

यदि कुनै साँवाको ३ वर्षको १५% वार्षिक व्याजदरले चक्रिय ब्याज र साधारण ब्याजबीचको फरक रु ११३४ हुन्छ भने साँवा पत्ता लगाउनुहोस् । (Find the principal if the difference between comound interest and simple interest on it at 15% per annum for 3 years is Rs. 1134.)

९. एउटा मानिसले $\frac{३}{५}$ भाग काम १८ दिन गरेपछि एउटा केटाको सहयोग लियछ । तिनीहरूले ३ दिन काम गरेपछि केटाले छाडेछ । यदि सो मानिसले १$\frac{१}{२}$ दिनमा काम सक्यो भने सहयोग लिइएको केटाले सो काम कति दिनमा सक्ला ? (A man does $\frac{3}{5}$ of a work in 18 days and then gets a boy to help him. They work together for 3 days and the boy leaves, if the man finishes the work $7\frac{1}{2}$ days, how long will the boy take to do the work ?

१०. १.५ मि. ४ मि. का दुईवटा झ्याल राखेर ३० मि. लामो, ०.५ मि. चौडा र २ मि. अग्लो पर्खाल बनाउँदा १५ से.मि. ५ से.मि. ४ से.मि. नापका कतिवटा ईंटाहरू चाहिन्छन् ? यदि एउटा ईंटाको मुल्य रु २.७५ पर्छ भने पुरा पर्खालका लागि लाग्ने ईंटाको खर्च निकाल्नुहोस् । (How many bricks with dimensions 15cm×5cm×4cm are needed to construct a 30m long, 0.5m wide and 2m high wall with two windows each having measurement of 1.5m×4m ? If the the cost of each brick is Rs. 2.75, calculate the total cost of bricks needed to construct the wall.)

११. तल दिइएको तथ्यांङ्कको मध्यिका पत्ता लगाउनुहोस् । यदि सोही तथ्यांकको मध्यिका पत्ता लगाउनुहोस् । यदि सोही तथ्यांकको मध्यक २० भए बहुलक पत्ता लगाउनुहोस् । (Calculate median from the following data. If mean of the data is 20, then calculate mode.)

| Class interval | 0-10 | 10-20 | 20-30 | 30-40 | 40-50 |
|---|---|---|---|---|---|
| Frequency | 4 | 12 | 10 | 9 | 5 |

१२. Briefly explain the guidelines for information disclosure and grievance handling as per the NRB IT Guidelines, 2012

१३. Discuss various tools and techniques that may be employed for securing IT System.

CamScanner

नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९/०३/१८

प्रथम द्वितीय

समय : ३ घण्टा | पूर्णाङ्क : १००

विषय : अर्थशास्त्र, व्यवस्थापन, बैंकिङ्ग कानून र नीतिहरु

*प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

**खण्ड "क"** — ४० अङ्क

१. सार्वजनिक ऋण भनेको के हो ? सार्वजनिक ऋण सरकारले विशेष गरी कुन अवस्थामा लिने गर्दछ ? संघ, प्रदेश र स्थानीय तहले आन्तरिक ऋण लिने सीमा कति रहेको छ ? (What do you mean by public Debt ? In which social condition can government collect the public Debt ? What ae the limits of internal debit for the Federal Government, Province and local level ?) ४+३+३=१०

२. मौद्रिक नीति २०७८/७९ मा भुक्तानी प्रणालीलाई व्यवस्थित तुल्याउन के - कस्ता नीति अवलम्बन गरिएको छ ? सविस्तार लेख्नुहोस् । (What policies are incorporated int he monetary policy 2078/79 in order to systematize the payment system ? Explain.) ५+५=१०

३. वि.सं. २०१३ देखि नै नेपालमा योजनाबद्ध विकासको प्रयास थालिएको थियो । हालसम्म १४ वटा आवधिक योजनाहरु कार्यान्वयनमा आइसकेका छन् । समृद्ध नेपाल : सुखी नेपालको अवधारणासहित १५ औं योजना कार्यान्वयनको क्रममा छ । हालसम्म कार्यन्वयनमा आएका आवधिक योजनाबाट आशातित उपलब्धि हासिल हुन नसक्नुलाई मुख्य समस्याको रुपमा लिइने गरिएको छ । यसै सन्दर्भमा आवधिक योजनाको कार्यान्वयनमा रहको समस्या र समाधानका उपायहरुका बारेमा लेख्नुहोस् । (Planned development efforts were started from 2013 BS. Nepal has implemented 14 periodic plants so far and 15th plan is under implementation with the nation of "Prosperous Nepal: Happy Nepali". It is expressed that achievement is considered as main problem in the implementation of periodic plans. State about the problems facing in implementation of periodic plans and recommends measures to address those problems.) १०

४. नेपालको आर्थिक विकासमा बैदेशिक सहायताको भूमिकाबारे प्रकाश पार्दै नेपाल सरकारको वैदेशिक सहायता नीतिले वैदेशिक सहायता परिचालनमा पारेको प्रभावबारे वश्लेषण गर्नुहोस् । (Highlight the role of foreign assistance in economic development of Nepal and make an analysis on impact of foreign assistance policy of Government of Nepal on the mobilization of foreign assistance.) १०

**खण्ड "ख"** — ३० अङ्क

५. नेतृत्वलाई परिभाषित गर्दै प्रभावकारी नेतृत्वमा हुनुपर्ने अन्तर्निहित गुणहरुको बारेमा प्रकाश पार्नुहोस् । (Define Leadership and highlight the inherent features of effective leadership.) ३ + ७=१०

६. उत्प्रेरणाको प्रमुख सिद्धान्तहरुको बारेमा चर्चा गर्दै नेपालको सार्वजनिक प्रशासनको सन्दर्भमा प्रभावकारी हने सिद्धान्तको बारेमा प्रकाश पार्नुहोस् । (Describe the major principles of motivation and highlight the effective principle of motivation in the context of public Administration of Nepal.) ५+५=१०

७. विवाद व्यवस्थापन भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा विद्यमा औद्योगिक सम्बन्धहरुको सन्दर्भमा विवादका कारणहरुबारे विवेचना गर्नुहोस् । (What is meant by "Settlement of Dispute" ? Discuss causes of disputes in the context of industrial Relations Prevailing in Nepal.) ४+६=१०

**खण्ड "ग"** — ३० अङ्क

८. नेपालमा संविधानबमोजिम राज्यका अर्थ, उद्योग र वाणिज्यसम्बन्धि नीतिका बारेमा लेख्नुहोस् । (Write down the Economic, Industrial and commercial policy of the state as per the Constitution of Npeal.) १०

९. नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम नेपाल राष्ट्र बैंकलाई बैंक नोट तथा सिक्का निष्काशन तथा सो को व्यवस्थापनका सम्बन्धमा प्राप्त अधिकारहरु के-के हुन ? उल्लेख गर्नुहोस् । (According to Nepal Rastra Bank Act, 2058, what are the rights provided to Nepal Rastra Bank for the issuance and management of bank notes and currency ?) १०

१०. बैंक तथा वित्तिय संस्था ऐन, २०७३ अनुसार बैंक तथा वित्तीय संस्थाका सञ्चालकहरुको काम, कर्तव्य, अधिकार, भूमिका र जिम्मेवारीको बारेमा चर्चा गर्नुहोस् । (Describe the duties, authorities, roles and responsibilities of board of directores of bank and financial institutions as per the Bank and Financial Institution Act, 2073.) १०

CamScanner